# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं. :

च.नं. :

मिति :२०८२/०९/३०

### सार्वजनिक विदा सम्बन्धी सूचना

सर्वप्रथम इटहरी उपमहानगरपालिकाले थारु जातिलाई इटहरीको प्रथम नागरिक घोषणा गरिसकेको व्यहोरा स्मरण गराउँदै थारु जातिको विकास र उत्थानको साथ साथै थारु जातिको भेषभूषा, भाषा, कला, संस्कृति, रीतिरिवाज, परम्परालाई संरक्षण, सम्बर्द्धन गर्ने उद्देश्य इटहरी सरकारको रहेको व्यहोरा समेत अवगत गराउँदछु । थारु जातिको संस्कार, संस्कृति र परम्परा मध्ये प्रत्येक वर्षको माघ संक्रान्तिका दिन "माघी पर्व" (तिला संक्राईत) हर्षोल्लासका साथ मनाउने सांस्कृतिक परम्परा रहेको हुँदा यस विशेष पर्वको अवसरमा इटहरी उपमहानगरपालिका क्षेत्र भित्र बसोबास गर्ने एवं देश विदेशमा रहनुहुने थारु समुदाय लगायत सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

इटहरीको प्रथम नागरिक थारु समुदायको सम्मान स्वरूप "माघी पर्व" (तिला संक्राईत) को अवसरमा २०८२ साल माघ २ गते शुक्रबारका दिन (इटहरी अस्पताल र अत्यावश्यक सेवा बाहेक) इटहरी उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका कार्यालयहरू तथा सम्पूर्ण शैक्षिक संस्थाहरूमा उक्त एक दिन सार्वजनिक विदा दिइएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

धन्यवाद ।

हेमकर्ण पौडेल
नगर प्रमुख

..................

हेमकर्ण पौडेल

नगर प्रमूख